# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, पुस ५ गते २०५० साल ( संख्या ३५


## भाग ३

श्री ५ को सरकार

स्वास्थ्य मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले औषधि परामर्श परिषद् र औषधि सल्लाहकार समिति गठन नियमावली, २०३७ को नियम ३ को उपनियम (४) र नियम ५ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी खण्ड ३७ संख्या ४६ मिति २०४४।११।२४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा भएको औषधि परामर्श परिषद्को र औषधि सल्लाहकार समितिको पदेन सदस्यमा तोकिएको श्री प्रमुख, चिकित्सा महाशाखा, स्वास्थ्य मन्त्रालयको सट्टामा श्री महानिर्देशक, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य मन्त्रालय राखी हेरफेर गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

३८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले औषधि ऐन, २०३५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी देहायमा उल्लेखित औषधिहरू पैठारी, उत्पादन, परिवहन, बिक्री-वितरण तथा संचय गर्न नपाउने गरी मनाही गरेको छ।

१. सक्रिय तत्वका रूपमा कोडिन मात्र ३ मि.ग्रा. प्रति ५ मि.लि. भएको बढीमा ६० मि.ली. को प्याक साइज बाहेकका कोडिन वा कोडिन समावेश भोल बनावटको खोकीको औषधि।
(Codeine or codeine based cough syrup except cough syrup containing single codeine (active ingredient) 3mg/5ml in a bottle not exceeding 60ml)

२. एन्टीव्याक्टेरियल औषधिको देहायका बाहेकका अन्य संमिश्रण
(combination of any antibacterial with another drug except the following)

(क) टि.बी. रोग उपचारमा प्रयोग हुने संमिश्रण
(Combination used for the treatment of tuberculosis)

(ख) कुष्ठरोग उपचारमा प्रयोग हुने संमिश्रण
(Combination used for the treatment of Leprosy)

(ग) पेनिसिलिन समूह अन्तर्गतका दुई एन्टीबायोटिक्सको संमिश्रण
(Combination of two antibiotics of the penicillin group)

(घ) औषधिस्तर नियमावली, २०४३ को अनुसूची १ ले तोकेको फर्माकोपियामा समावेश भएका एन्टीव्याक्टेरियल औषधिका संमिश्रण
(Combination of two or more therapeutic agents of antibacterial group included in Pharmacopoeia, recognised as per the regulation on standards of drugs 2043, rule 5, appendix-1)

३. खाने प्रयोजनका स्ट्रेप्टोमाइसिन औषधि
(Streptomycin in oral dosage form)

४. पारासिटामोल वा एस्पीरिनसँग देहायका बाहेकका संमिश्रण
(Combination of Paracetamol or Aspirin except the following)



३८६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) पारासिटामोल वा एस्पीरिनसँग एक डिकन्जेस्टेण्ट (श्वास नली खोल्ने) र। वा एक एन्टीहिस्टामीन समावेश भएको संमिश्रण
(Combination of paracetamol or Aspirin with one nasal decongestant and/or with one antihistamine.)

(ख) बढीमा ५०० मि.ग्रा. पारासिटामोल वा एस्पीरिनसँग बढीमा १० मि. ग्रा. कोडीन संमिश्रण भएको ट्याब्लेट

(Combination of Paracetamol or Aspirin (not exceeding 500 mg. with codeine not exceeding 10 mg. in a tablet)

(ग) पारासिटामोलसँग आइबुप्रोफेन वा एक मसल रिलेक्सेन्ट समावेश भएको संमिश्रण

(Combination of Paracetamol either with Ibuprofen or with one muscle relaxant)

(घ) पारासिटामोल वा एस्पीरिनको, औषधि स्तर नियमावली, २०४३ को अनुसूची–१ बमोजिम मान्यता प्राप्त फर्मकोपियामा समावेश, अन्य संमिश्रण

(Combinations of Paracetamol or Aspirin with another drug, those are included in pharmacopoeia recognised as per the regulation on standards of drugs 2043, appendix–1)

५. मेप्रोवामेट वा यससँगका संमिश्रण
(Meprobamate or its combination)

६. एन्टीएमोबिक वा एन्टीडायरिअलसँग देहायको बाहेकका संमिश्रण
(Combinaton of anti-amoebic or anti-diarrhoeal drug except the following)

(क) मेट्रोमिडाजोल वा टिनिडाजोलसँग डिलोक्सानाइड फ्यूरेटको संमिश्रण
(Combination of Metronidazole or Tinidazole with diloxanide furoate)

(ख) डाइफिनोक्सीलेट २.५ मि.ग्रा. सँग एट्रोपिन ०.०२५ मि.ग्रा. संमिश्रण भएको ट्याब्लेट
(Combination of diphenoxylate 2.5mg with Atropine 0.025 mg in a tablet)



३६६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. एन्टीफल्याट्युलेन्टसँग एन्टासिड वा एन्टीस्पाजमोडिक मिश्रीत बाहेकका अन्य सबै संमिश्रणहरू

(All combinations of antiflatulant except with antacid or antispasmodic)

८. सिप्रोहेप्टाडिनसँग अन्य औषधिको संमिश्रण

(Combination of cyproheptadine with another drug)

९. एकभन्दा बढी तत्व समावेश, भिटामिन वा टनिक किसिमका औषधिको देहायका संमिश्रण बाहेक अन्य सबै संमिश्रण

(All multi-ingredient based vitamin or Tonic preparations except the following)

(क) थेराप्युटिक मात्राको (यो सूचनाको अनुसूची १ बमोजिम भएका) संमिश्रण

(Vitamin product in therapeutic does as denoted in appendix-1 of this notice)

(ख) थेराप्यूटिक मात्राका (यो सूचनाको अनुसूची–१) भिटामिन बी कम्प्लेक्ससँग इन्जाइम र वा एमिनोएसिड वा प्रोटिन वा खनिज पदार्थ समावेश भएका भिटामिन वा टनिक औषधि

(Therapeutic B complex based product (Appendix – 1) of this notice containing enzyme &/or aminoacid or protein or mineral)

(ग) थेराप्यूटिक मात्राका (अनुसूची–१) भिटामिन र अन्य औषधिको, औषधिस्तर नियमावली, २०४३ को अनुसूची १ बमोजिम मान्यता प्राप्त फर्माकोपियामा समावेश संमिश्रण

(Combinations of vitamin in therapeutic does with another drug, that are included in pharmacopoeia, recognised as per the regulation on standards of drugs 2043; appendix-1)

नोटः–(१) उपर्युक्त मनाही बाह्य प्रयोग र भेटेरिनरी प्रयोगका औषधिको हकमा लागू हुने छैन।

(The ban is not applicable to veterinary and topical preparations)

(२) उपर्युक्त मनाही भिटामिन ड्रप्स फर इन्फयान्ट्स र हेमाटिनिक औषधिको हकमा लागू हुने छैन ।

(The ban is not applicable to vitamin drops intended for infant's use and Haematinic preparations).



3CC
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची १
(Appendix-1)

Therapeutic does for vitamin based multi-ingredient vitamin or tonic preparations.

Vitamin unit preparations containing vitamins for Therapeutic use

(a) Liquid (Pack size not exceeding 250 ml.)
in single dose of 5 ,10 or 15 ml. or maximum 30 ml. in daily divided dose of two to three times each in a multiple of 5 ml.

(b) Tablet/capsule
one tablet/capsule maximum up to 3 times a day

| | Adult | paediatric |
|---|---|---|
| Vitamin A I.U. | not less than 5000 & not more than 10000 | not less than 1500 & not more than 5000 |
| Vitamin D I.U. | not less than 400 and not more than 1000 | not less than 100 not more than 400 |
| Vitamin B 1 mg. | not less than 4.5 & not more than 10 | not less than 1 & not more than 4.5 |
| Vitamin B 2 mg. | not less than 5 & not more than 10 | not less than 1 & not more than 5 |
| Vitamin B 6 mg. | not less than 1.5 & not more than 3 | not less than 1 & not more than 3 |
| Niacinamide mg. | not less than 45 & not more than 100 | not less than 10 & not more than 40 |
| d-pantothenic mg. acid or its salts & Panthenol | not less than 5 & not more than 50 | not less than 2.5 & not more than 10 |
| Folic acid mcg. | not less than 1000 & not more than 1500 | not less than 100 & not more than 500 |
| Vitamin B 12 mcg. | not less than 5 & not more than 15 | not less than 1 & not more than 5 |
| Vitamin C mg. | not less than 75 & not more than 150 | not less than 30 & not more than 80 |
| Vitamin E I.U. | not less than 15 & not more than 25 | not less than 5 & not more than 20 |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Note:– 1) Vitamins intended for therapeutic use shall bear on the lable the words "for therapeutic use-adult" or "for therapeutic use-paediatric" as the case may be.

2) The above standards shall not be applied to any prepara tion containing single vitamin only & also to any preparation containing vitamins intended for parenteral use.

खण्ड ४२, संख्या ४६, मिति २०४६।११।१८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस सम्वन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
जगदीश्वर उपाध्याय
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मनोरन्जन कर ऐन, २०१७ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री वन्दिपुर सामाजिक विकास समितिको सहायतार्थ राष्ट्रिय सभागृहमा मिति २०५०।८।२६ गते प्रदर्शन गरिने नेपाली कथानक चलचित्र "देउकी" को च्यारिटी एक शो प्रदर्शनमा लाग्ने मनोरन्जन कर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत उपसचिव



390
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री यादवकान्त सिलवाल बंगलादेशको राजधानी ढाकामा आयोजना हुने सार्कको मन्त्रीस्तरीय सम्मेलनमा भाग लिन त्यसतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री नारायण शम्सेर थापालाई मिति २०५०।८।१५ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

उद्योग मन्त्रालयका का.मु. सचिव श्री पुण्यप्रसाद दाहाल क्यामरूनको राजधानी याउण्डेमा आयोजना हुने युनिडोको महासभामा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह–सचिव श्री विमलप्रसाद कोइरालालाई मिति २०५०।८।१५ देखि २०५०।८।१८ सम्म र मिति २०५०।८।१८ देखि सह–सचिव श्री विमलप्रसाद कोइराला पनि सोही सम्मेलनमा भाग लिन त्यसतर्फ जानु हुने भएकोले मिति २०५०।८।१९ देखि सोही मन्त्रालयका सह–सचिव श्री चण्डीप्रसाद श्रेष्ठलाई कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलराम सिंह मल्ल
श्री ५ को सरकारको सचिव



३५१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, दोलखाका प्र.जि.अ. श्री कमलप्रसाद लालकर्ण मन्त्रालयमा काममा आउने भएकोले सो प्र.जि.अ. पदमा नि.से.नि.,२०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स. प्र. जि.अ. श्री मुकुन्दप्रसाद ढकाललाई मिति २०५०।८।१ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना २

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, सिन्धुलीका प्र.जि.अ. श्री रामरतन मिश्र काममा मन्त्रालय आउनु भएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स.प्र.जि.अ. श्री एकेश्वर रेग्मीलाई मिति २०५०।८।१ को निर्णयानुसार का.मु.मुकरर गरेको छ।

## सूचना ३

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, इलामका प्र.जि.अ. श्री भुवनेश्वर जोशी कोलम्बोमा आयोजना गरिने Legal Workshop on Sub-regional Co-Operation मा भाग लिन मनोनयन भई कन्फर्मेशन आएकोले उक्त प्रोग्राममा भाग लिन पठाइने हुँदा निजको अनुपस्थितिमा सो प्र. जि. अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स.प्र.जि.अ. श्री रोहितकुमार भट्टराईलाई मिति २०५०।६।२७ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना ४

श्री ५ को सरकारले पाँचथरका प्र.जि.अ. पर्व बिदामा बस्नु भएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स. प्र. जि. अ. श्री हरिकृष्ण खतिवडालाई मिति २०५०।७।२२ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।



352

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

श्री ५ को सरकारले जि.प्र.का. रोल्पाका प्र. जि. अ. श्री अब्दुल रइस खाँलाई मिति २०५०।८।६ देखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालन हुने प्र.जि.अ. प्रशिक्षणमा मनोनयन गरिएकोले निजको अनुपस्थितिमा सो प्र.जि.अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम १ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी गृह मन्त्रालय आन्तरिक व्यवस्था शाखामा कार्यरत शा.अ. श्री सुन्दरराज अर्याललाई मिति २०५०।७।१८ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

## सूचना ६

श्री ५ को सरकारले रोल्पाका प्र.जि.अ. श्री अब्दुल रइस खाँ मिति २०५०।८।६ देखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालन हुने प्र. जि. अ. प्रशिक्षणमा भाग लिने भई निजको अनुपस्थितिमा मिति २०५०।७।१८ को निर्णयबाट गृह मन्त्रालयका शा.अ. श्री सुन्दरराज अर्याललाई प्र. जि.अ. पदमा का. मु. मुकरर गर्ने निर्णय भएकोमा निज अर्याल बिरामीको कारणले जान नसक्ने देखिंदा निजको सट्टा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी जिल्ला प्रशासन कार्यालय, रूपन्देहीका प्र.अ. श्री परशुराम अर्याललाई मिति २०५०।७।२० को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

## सूचना ७

श्री ५ को सरकारले जि.प्र.का., भक्तपुरका प्र.जि.अ. श्री अम्बिका के.सी. भैपरी बिदामा बस्नु भएकोले सो प्र. जि. अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स. प्र. जि. अ. श्री नरेन्द्रराज शर्मालाई मिति २०५०।७।२० को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

## सूचना ८

श्री ५ को सरकारले जि.प्र.का., सिराहाका प्र.जि.अ. श्री ईश्वरनारायण पाण्डे पर्व बिदामा बस्नु भएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०५० को नियम ४३ को उपनियम १ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी जि.प्र.का. धनुषाका स.प्र.जि.अ. श्री श्यामप्रसाद शर्मालाई मिति २०५०।७।१७ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।



393

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ९

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकका प्र. जि. अ. वार्तामा भाग लिन जानु भएकोले सो. प्र.जि.अ. पदमा नि. से. नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स.प्र.अ. श्री उद्धवबहादुर थापालाई मिति २०५०।७।१७ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना १०

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, भक्तपुरका प्र.जि.अ. श्री अम्बिका के.सी. लाई मिति २०५०।८।६ देखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालन हुने प्र.जि.अ. प्रशिक्षणमा मनोनयन गरिएकोले निजको अनुपस्थितिमा सो प्र. जि.अ. पदमा नि. से. नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स. प्र.जि.अ. श्री नरेन्द्रराज शर्मालाई मिति २०५०।७।१८ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना ११

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, स्याङ्जाका प्र. जि. अ. श्री वामनप्रसाद न्यौपानेलाई मिति २०५०।८।६ गतेदेखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा संचालन हुने प्र.जि.अ. प्रशिक्षणमा मनोनयन गरिएकोले निजको अनुपस्थितिमा सो प्र. जि. अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स. प्र. जि. अ. श्री दामोदर पन्तलाई मिति २०५०।७।१८ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना १२

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, डडेलधुराका प्र.जि.अ. श्री ओमप्रसाद गौतमलाई मिति २०५०।८।६ गतेदेखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा संचालन हुने प्र. जि. अ. प्रशिक्षणमा मनोनयन गरिएकोले निजको अनुपस्थितिमा सो प्र.जि.अ.पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स.प्र.जि. अ. श्री तेजप्रसाद पौडेललाई मिति २०५०।७।१८ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।



३५४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १३

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, जुम्लाका प्र. जि. अ. श्री शंकरप्रसाद पाण्डेलाई मिति २०५०।८।६ गतेदेखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा संचालन हुने प्र. जि. अ. प्रशिक्षणमा मनोनयन गरिएकोले निजको अनुपस्थितिमा सो प्र.जि.अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स. प्र. जि. अ. श्री लेखबहादुर रावललाई मिति २०५०।७।१८ को निर्णयानुसार का. मु. मुकरर गरेको छ।

## सूचना १४

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, कालिकोटका प्र.जि.अ. श्री विनोदप्रसाद शर्मालाई मिति २०५०।८।६ गतेदेखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा संचालन हुने प्र. जि. अ. प्रशिक्षणमा मनोनयन गरिएकोले निजको अनुपस्थितिमा सो प्र.जि.अ. पदमा नि. से. नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स.प्र.जि.अ. श्री बलबहादुर मल्ललाई मिति २०५०।७।१८ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना १५

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, मनाङका प्र. जि. अ. श्री माथुरप्रसाद यादवलाई मिति २०५०।८।६ देखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा संचालन हुने प्र.जि.अ., प्रशिक्षणमा मनोनयन गरिएकोले निजको अनुपस्थितिमा सो प्र.जि.अ. पदमा नि.से. नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स. प्र. जि. अ. श्री यादवराज पाण्डेलाई मिति २०५०।७।१८ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना १६

श्री ५ को सरकारले जि.प्र.का. खोटाङका प्र. जि. अ. श्री स्थानेश्वर देवकोटालाई मिति २०५०।८।६ देखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालन हुने प्र.जि. अ. प्रशिक्षणमा मनोनयन गरिएकोले निजको अनुपस्थितिमा सो प्र. जि. अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स.प्र.जि.अ. श्री दिनेश शर्मालाई मिति २०५०।७।१८को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।



३९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १७

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुका प्र.जि.अ. श्री बोलखबहादुर गुरुङलाई मिति २०५०।८।६ गते देखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालन हुने प्र.जि.अ. प्रशिक्षणमा मनोनयन गरिएकोले निजको अनुपस्थितिमा सो प्र.जि.अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स.प्र.जि.अ. श्री हरिहर दाहाललाई मिति २०५०।७।१८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना १८

श्री ५ को सरकारले जि.प्र.का., ललितपुरका प्र.जि.अ. श्री उषा नेपाल घर बिदामा बस्नु भएकोले निजको अनुपस्थितिमा सो प्र.जि.अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स.प्र.जि.अ. श्री पूर्णबहादुर अधिकारीलाई मिति २०५०।७।१८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना १९

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, डोटीका प्र.जि.अ. श्री स्थिरजंगबहादुर सिंहलाई मिति २०५०।८।६ गतेदेखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालन हुने प्र.जि.अ. प्रशिक्षणमा मनोनयन गरिएकोले निजको अनुपस्थितिमा सो प्र.जि.अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका सहायक प्र.जि.अ. श्री बैकुण्ठ प्रसाद पौडेललाई मिति २०५०।७।१८ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

## सूचना २०

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, संखुवासभाका प्र.जि.अ. श्री शुशिल ज.ब.रा.लाई मिति २०५०।८।६ गतेदेखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालन हुने प्र.जि.अ. प्रशिक्षणमा मनोनयन गरिएकोले निजको अनुपस्थितिमा सो प्र.जि.अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी जिल्ला प्रशासन कार्यालय, रौतहटका प्र.अ. श्री लक्ष्मणकुमार हमाललाई मिति २०५०।७।२० को निर्णयानुसार का.मु. मुकरर गरेको छ।



२९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २१

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, बाराका का.मु.प्र.जि.अ., श्री आनन्दराज पोखरेल काजमा मन्त्रालयमा आउनु भएकोले निजको अनुपस्थितिमा सो प्र. जि.अ. पदमा नि.से.नि., २०५० को नियम ४३ उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स.प्र. जि.अ. (रा.प.द्वि) श्री दुर्गाप्रसाद भण्डारीलाई २०५०।६।१८ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना २२

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, खोटाङका प्र.जि. अ. श्री स्थानेश्वर देवकोटा काजमा मन्त्रालय आउनु भएकोले सो प्र.जि. अ. पदमा नि से.नि., २०५० को नियम ४३ उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी त्यहाँ कार्यरत स.प्र. जि.अ.लाई मिति २०५०।६।१५ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना २३

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, रूपन्देहीका प्र.जि.अ.श्री भोला सिलवाल घर बिदामा बस्नु भएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स.प्र.जि.अ. (रा.प.द्वि) श्री रामबाबु घिमिरेलाई मिति २०५०।६।८ को निर्णयानुसार का.मु.मुकरर गरेको छ ।

## सूचना २४

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, भक्तपुरका प्र.जि.अ. श्री अम्बिका के.सी. दैवी प्रकोप उद्धार शाखाद्वारा यही ३१ अक्टोबर १९९३ (कात्तिक १५) देखि ४ दिनसम्म संचालन हुने डिजास्टर मेनेजमेन्ट वर्कसपमा सहभागी हुने भएकोले उहाँको अनुपस्थितिमा सो प्र. जि.अ. पदमा नि. से.नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स.प्र.जि.अ. श्री नरेन्द्रराज शर्मालाई मिति २०५०।७।१५ देखि का.मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २५

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, गोरखाका प्र.जि.अ. श्री चिनियानारायण श्रेष्ठलाई मिति २०५० कात्तिक १५ देखि भैरहवामा संचालन हुने दैवी प्रकोप व्यवस्थापनसम्बन्धी क्षेत्रीय तालीम कार्यक्रममा सहभागी गराउने र निजको अनुपस्थितिमा सो प्र.जि. अ. पदमा नि. से. नि., २०५० को नियम ४३ को उप नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका स. प्र. जि. अ. श्री कबिराज क्षेत्री पौडेललाई मिति २०५०।७।४ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना २६

श्री ५ को सरकारको मिति २०५०।५।२६ को निर्णयानुसार श्री सिताराम पोखरेल शाखा अधिकृत (जेलर) केन्द्रीय कारागार, काठमाडौंको पदाधिकार जिल्ला प्रशासन कार्यालय, सुर्खेतको प्रशासकीय अधिकृत पदमा कायम गरी केन्द्रिय कारागार जेलर, (रा.प.द्वि) पदमा २०५०।६।१ देखि लागू हुने गरी कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २७

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, सर्लाहीका का.मु .प्र.जि.अ. श्री केदारमान अमात्य स्वास्थ्य उपचारको लागि बिदा बस्नु भएकोले सो प्र.जि.अ. पदमा नि. से. नि., २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी जि.प्र.का. पर्साका स.प्र.जि.अ. श्री नारायण गोपाल मलेगोलाई मिति २०५०।८।४ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

आज्ञाले,
कोषकुमार नेम्वाङ्ग
कानून अधिकृत (उपसचिव)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।